# मृत्यु के हो?: मरण वा देहान्त र भविष्यको आशा
# (On Death, Dying, & the Future Hope)

## (मिशन समाचार सहित)

लेखकः
अल्बर्टो आर टीम
(Alberto R. Timm)

भावानुवादकः
भजुराम तखाछेँ श्रेष्ठ

हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
सन् २०२२ (बि.सं. २०७९)

ईन्टरनेट वेबसाईट : https://www.nepalworks.com/bhajupurna
https://www.sabbathschoolpersonalministries.org/international

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टइन**

प्रथम संस्करण : २०७९ (ई.सं. २०२२)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४३२२८६०६
वितरकः कुबेर लामिछाने, ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## मृत्यु वा देहान्तः हाम्रो भविष्यको आशा

"मानिस जीवित प्राणी भयो" भनेर उच्चारण गर्नुहुँदै (उत्पत्ति २:७) परमप्रभुले मानव प्राणीलाई सृष्टि गर्नुभएको थियो। अनन्तसम्म परमप्रभुसँग र उहाँको सृष्टिसँग सुमधुर र प्रेमाभावको सम्बन्ध राखेर मानिसहरू चलुन् भन्ने उहाँको चाहना थियो। तर स्वर्गमा नै रहस्यमय तरिकाले (यशैया १४:१२-१५, इजकिएल २८:१२-१९, प्रकाश १२:७-१२) देखापरेको पापले गर्दा मानिसमा हुनुपर्ने सम्बन्धमा विकृति ल्याएको थियो। त्यसको फलस्वरूप आदम र हव्वाको पतन भयो (उत्पत्ति ३:१-१९, रोमी ५:१२)। मानव जातिमात्र होइन सारा प्राणालाई मृत्युले निल्न गयो भनेर स्वीकार गर्नुपर्दा हामी दुःखित नै हुनुपर्छ। मानव र जीवित जीवात वा जीवजन्तुहरूमात्रमा होइन प्राकृतिक संसारमा पनि मृत्युले राज गर्न पुग्यो। हरिया रूखहरूबाट खसिने पातहरूले र हाम्रै फूलदानीमा रहेका फूलहरू ओइलाउनुले तिनीहरूमाथि मृत्युको छाप सक्रिय भएको देखाउँछ। हामीले माया गरेर पालेका अनजान पशुहरू पीडाले छटपटिएको हामीले हेर्नुपरेको र हाम्रै प्रियजनहरूलाई रोग, व्याधी र अमानवीय यातनाद्वारा क्रूरतरिकाले हामीबाट विछोड गरेको पनि हामी निरीह वा असहाय भएर टुलुटुलु हेर्न वाध्य भइरहेका छौं। हाम्रो यस यस संसार दुःख, कष्ट, वेदना, पीडा र कसैले पुछन नसेको आँशुले भरिएका छन्।

उत्तम संसारको चाहनाले गर्दा कस्तो खालको संसारमा तिनीहरू रहन चाहन्छन् भनेर कतिपयले आआफ्नै स्वर्ग अर्थात् अति आनन्दको अवधारणाहरूको कल्पना गर्दछन्। सन् १९३३मा बेलायतको उपन्यासकार जेम्स हिल्टनले *लस्ट होराइजन* भन्ने पुस्तक छापेका थिए। केही वर्षपछि त्यस पुस्तककै नाउँमा फिलिम पनि बनाइएको थियो। त्यस पुस्तकमा उल्लेख गरिएको कथाको सारांशमाः एउटा हवाइ जहान आकाशमा उडिरहेको थियो। त्यस जहाज उड्दा उड्दै तेल सकिएको थियो। अनि त्यो जहाज हिंउनै हिउँले भरिएको अनकङ्टार हिमालमा ठोकिन पुग्यो। त्यस दुर्घटनामा बिमान चालकको मृत्यु हुन्छ। तर त्यहाँ बचेका केहीलाई त्यस दुर्घटनाले क्षतिग्रस्त भएको बिमानबाट तिब्बेतनहरूको रमणीय र मनमोहक स्वर्ग शान्ग्रिला सहरमा लगे। यो ठाउँ बाहिरिय विश्वबाट अलग थियो। त्यस ठाउँका बासिन्दाहरू

प्रेम, ज्ञान, मेलमिलाप, आनन्द र सुखमा बढ्दै जान्थे। तिनीहरू झण्दै अमर जीवन बिताएका थिए।

के यो ठाउँ सत्य हो त? होइन, यो केवल काल्पनिक कथामात्र थियो।

हामी मरणशील मानिसलाई यस संसारमा जन्मेको औचित्य के छ, मारिन जन्मेको कुखुरा भन्दा हामीहरूको अर्थ के छ? हामीलाई वर्तमान जीवनको औचित्य छ र भविष्यको आशा छ भन्ने आश्वासनको आवश्यकता छ। स्विटजरलान्डको बाइबल विद्याको प्रख्यात विद्वान इमिल ब्रुनरले भनेका थिए, "हामी बाँच्न हाम्रो फोक्सोलाई प्राणबायु वा अक्जिन चाहिन्छ, त्यसरी नै मानिस अर्थमूलक, उपयोगीमूलक र यस संसारमा मायालु हुन र माया दिन बाँचेको छु भन्ने महसुस हुन हामीलाई आशा चाहिन्छ। प्राणबायु वा अक्जिन मानिसबाट झिक्नुहोस्, त्यो मानिस उकुसमुकुस भएर तुरन्तै मर्दछ। त्यसरी नै आशामा भरपर्ने मानिसलाई आशा हटाइदिनुहोस् त्यो मानिस जिउँदो भएपनि जिउँदो लास हुन्छ।"-*इटरनल होप,* लन्डनः लुटरवर्थ प्रेस, १९८४, पृ. ७बाट रूपान्तरित। जब यस संसारमा जिउन हामी अनेकौं सङ्कटहरू भोग्छौं र अनन्त जीवनको यात्रामा लाग्छौं तब बाइबलले नै दिएको आशाले हामीलाई सम्हाली राख्दछ।

काल्पनिक कथा लस्ट होराइजनको शान्ग्रिला सहरको अवधारणा विपरित बाइबलमा आधारित अनन्त जीवन "धूर्ततासँग मानिसहरूले रचिएका दन्त्यकथाहरू" जस्तो होइन २ पत्रुस १:१६। यो जीवित परमप्रभुको विश्वसनीय प्रतिज्ञामा आधारित आउनेवाला सिद्ध र सुन्दर पृथ्वी हो, जहाँ आँशुहरू, पीडा र मृत्यु हुँदैन (प्रका २१:१-५)। यो बहुमूल्यको प्रतिज्ञालाई चेलाहरूबाट सुरु गरेको चर्च र शताब्दीयौंदेखि इसाईहरूले हृदयमा सिँगारिराखेको छ। त्यही प्रतिज्ञाको अर्थ र लक्ष्य बर्तमान युगमा रहेका मानिसहरूको निम्ति पनि उल्लेखनीय छ। यसले भविष्यलाई दृढ विश्वाससाथ हेरिरहन हामीलाई आश्वस्त पार्दछ। ख्रीष्टमा मरेका हाम्रा सबै प्रियजनहरू अनन्त जीवनमा सहभागी हुन दोस्रो आगमनमा पुनरुत्थान हुनेछ भनेर पनि हामीलाई बाइबलले आश्वस्त पारिएको छ।

दुई विषयबस्तुहरूको दृष्टिकोण द्वारा असल र खराबकोबीचमा भइरहेको महान् द्वन्द्व वा युद्धको विषयको अध्ययन गर्न यस बाइबल अध्ययन पुस्तक तयार पारिएको हो। पाप र मृत्युको सुरुआत तथा यस पृथ्वी रहुञ्जेल

त्यसको अस्तित्व विषय एक हो। अर्को ती समस्याहरूको समाधानको निम्ति परमप्रभुको नित्य प्रयास र यस भत्किएको, भ्रष्ट, भौतिक र नैतिक वातावरण प्रदुषित संसारलाई पहिला सृष्टि गरेकै अवस्थामा पुऱ्याउन उहाँको निरन्तर प्रतिवद्धता अर्को विषय हो। मानव जातिको मरणशील स्वभाव र पुनरुत्थानमा अमरत्व धारण गर्ने विषयलाई पनि यस अध्ययनमा विशेष ध्यान दिएको छ। वास्तविकरूमा भन्ने हो भने हामी मृत्युको सामना गर्न डराउनु आवश्यक छैन किनभने मृत्यको रजाईंलाई जित्न येशू मर्नुभएको थियो र पुनरुत्थानद्वारा उहाँमाथि र उहाँका भक्तजनहरूमाथि मृत्युको शक्ति छैन भनेर उहाँले प्रमाणित गरेर देखाउनुभएको थियो। खास गरेर उहाँसँग "मृत्यु र पातालका साँचाहरू छन्," भनेर उहाँले हामीलाई विश्वास दिलाउनुभएको छ। प्रकाश १:१८।

मृत्युको पीडादायी विषयलाई यस अध्ययन पुस्तकमार्फत खोजतलास गर्नेछौं। तर त्यो खोजतलास येशूद्वारा प्रदान गरिएको आशाका चस्माहरूले हेर्नेछौं।

*यस अध्ययन पुस्तकको लेखक आन्ड्रयु युनिभर्सिटीबाट पिएचडी पाउनुभएको आलबेर्टो आर टिम हुनुहुन्छ। उहाँ एलेन जी. हाइट इस्टेटको सह निर्देशक हुनुहुन्छ। उहाँ बिब्लिकल रिसर्च इन्सटिच्युट र जियोसाइन्स अर्थात् भूगर्भ विज्ञानको सदस्य हुनुहुन्छ। उहाँले लाटिन अमेरिकन एडभेन्टिस्ट थियोलोजिकल सेमिनारी मल्टिक्याम्पसको अध्यक्ष भएर सेवाकार्य गर्नुभएको थियो।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | सिद्ध जगतमा विद्रोह | १ |
| २. | पापी संसारमा मृत्यु | १७ |
| ३. | मानव स्वभावलाई बुझ्न सक्नु | ३० |
| ४. | पुरानो करारमा आशा | ४३ |
| ५. | येशू क्रूसमा टाँगिनु भन्दा पहिका पुनरुत्थानहरू | ५७ |
| ६. | हाम्रो लागि येशू मर्नुभयो | ७५ |
| ७. | मृत्युमाथि येशूको विजय | ९० |
| ८. | नयाँ करारमा आशा | १०४ |
| ९. | बाझिएका बाइबलका अंशहरू? | ११७ |
| १०. | नर्कको आगो | १२९ |
| ११. | युगको अन्तमा हुने धोकाहरू | १४१ |
| १२. | संसार वा विश्वको बारेमा बाइबलको दृष्टिकोण | १५८ |
| १३. | न्यायको प्रक्रिया | १७२ |
| १४. | सबै थोकहरू नयाँ | १८८ |

## अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन पुस १५, २०७९ (डिसेम्बर ३०, २०२२) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज ८-१४ (September 24-30) |
| २ | अध्याय २ | असोज १५-२१ (October 1-7) |
| ३ | अध्याय ३ | असोज २२-२८ (October 8-14) |
| ४ | अध्याय ४ | असोज २९-कार्तिक ४ (October 15-21) |
| ५ | अध्याय ५ | कार्तिक ५-११ (October 22-28) |
| ६ | अध्याय ६ | कार्तिक १२-१८ (October 29- November 4) |
| ७ | अध्याय ७ | कार्तिक १९-२५ (November 5-11) |
| ८ | अध्याय ८ | कार्तिक २६-मंसिर २ (November 12-18) |
| ९ | अध्याय ९ | मंसिर ३-९ (November 19-25) |
| १० | अध्याय १० | मंसिर १०-१६ (November 26- December 2) |
| ११ | अध्याय ११ | मंसिर १७-२३ (December 3-9) |
| १२ | अध्याय १२ | मंसिर २४-पुस १ (December 10-16) |
| १३ | अध्याय १३ | पुस २-८ (December 17-23) |
| १४ | अध्याय १४ | पुस ९-१५ (December 24-30) |